# मिति २०७४/१२/१६ मा बसेको आ.व. ०७४/०७५ को चौथो सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | "हामी सबैको इच्छा अनिवार्य निःशुल्क आधारभूत शिक्षा" अभियान अन्तर्गत आगामी शैक्षिक सत्र बैशाख १, २०७५ वाट शुरु हुन गईरहेको विद्यालय भर्ना अभियान कार्यक्रम सफल बनाउन निजामती कर्मचारीहरूको तर्फवाट शिक्षावाट वञ्चित सीमान्तकृत वर्गका कम्तीमा १०० जना विद्यार्थी पहिचान गरी भर्ना गर्ने व्यवस्थाका लागि शिक्षा सचिवज्यूको संयोजकत्वमा निम्न सदस्यहरू रहेको समिति गठन गर्ने।<br><br>सचिव, शिक्षा मन्त्रालय - संयोजक<br>सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य<br>अध्यक्ष, आधिकारिक ट्रेड युनियन - सदस्य<br>सहसचिव, शिक्षा मन्त्रालय (बिद्यालय शिक्षा हेर्ने) - सदस्य सचिव | शिक्षा मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बैशाख ७ गते भित्र। |
| २. | ७५३ वटै स्थानीय तहहरूलाई विद्यालय भर्ना अभियान सञ्चालन गर्न शिक्षा मन्त्रालयले सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गर्ने। | शिक्षा मन्त्रालय | सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बैशाख ७ गते भित्र। |
| ३. | सबै निजामती तथा अन्य राष्ट्रसेवक कर्मचारीले आफूलाई मर्यादित, इमान्दार र उच्च मनोवलयुक्त बनाई राख्ने गरी विवेकपूर्ण ढंगले प्रस्तुत हुने। | सम्पूर्ण मन्त्रालय/निकायहरुका राष्ट्रसेवक निजामती कर्मचारीहरु | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर |
| ४. | स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय तहमा | सङ्घीय मामीला तथा | सम्बन्धित | प्रधानमन्त्री तथा | चैत्र मसान्त |



मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | सेवाप्रवाह सम्बन्धी व्यवस्था, २०७४ बमोजिम चैत्र महिना भित्र सबै स्थानीय तहहरूमा कर्मचारी व्यवस्थापन गरी सक्ने गरी आवश्यक व्यवस्था मिलाउने। कर्मचारी व्यवस्थापन गर्दा मानवीय संवेदनाको पक्षलाई पनि ध्यान दिने। | सामान्य प्रशासन मन्त्रालय | मन्त्रालय/निकाय | मन्त्रिपरिषद्को कार्यालय | भित्र |
| ५. | सङ्घीय संसद भवनको व्यवस्थापन सम्बन्धी प्रस्तुतिकरण तयार गरी उपयुक्त समयमा सहरी विकास मन्त्रालयका सचिवज्यूले प्रस्तुतिकरण गर्ने। | सहरी विकास मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | चैत्र १८ भित्र |
| ६. | विभागहरूको O & M आगामी मन्त्रिपरिषद् बैठकमा स्वीकृतिका लागि प्रस्ताव लैजान तयार गर्ने। | सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल |
| ७. | जिल्ला र प्रदेश तहमा रहने सङ्घीय कार्यालयहरूको ढाँचा तयार गरी पेश गर्ने। | सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल |
| ८. | नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार व्यवस्था भएका मन्त्रालयहरूको भवन व्यवस्थापन लगाएतको आवश्यक प्रवन्ध सहरी विकास मन्त्रालयका सचिवज्यूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरूको सहयोगमा गर्ने। | सहरी विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल |
| ९. | नेपाल सरकार मन्त्रिपरिषद्बाट स्विकृत सार्वजनिक विदामा उल्लेख भएका आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाउने चाडपर्वमा कर्मचारीले लिने विदा बैशाखको पहिलो हप्तामानै आफ्नो कार्यालयमार्फत विवरण पेश गर्ने र सम्बन्धित कार्यालयले अभिलेख राख्ने। | सबै सम्बन्धित मन्त्रालय/निकाय/ कार्यालयहरू | सम्बन्धित मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | बैशाख पहिलो हप्ता |



मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं